# मिति २०७४/०३/१४ गते बसेको सिद्ध कुमाख गाउँसभा बैठकका निर्णयहरू

१· प्रस्ताव नं १ मा छलफल गर्दा नेपाल राजपत्र खण्ड ६६ भाग ४ मिति २०७३/११/२७ मा सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प्रकाशित सूचना बमोजिम कायम भएको ढोरचैर गाउँपालिकाको केन्द्र साविकको सिद्धेश्वरी गा·वि·स· भवन तोकिएकोमा उक्त केन्द्र भौगोलिक रुपमा तथा सेवा प्रवाहको हिसावले सवै वडालाई पायक नपर्ने देखिएकोले गाउँ कार्यपालिकाको मिति २०७४/०३/११ गतेको बैठक बाट स्वीकृत भई यस गाउँ सभामा प्रस्ताव गरे बमोजिम सबै वडालाई पायक पर्ने गरि ढोरचौर (पूर्वमा भालुखोला, पस्चिममा फलाटे खोला, उत्तरमा बिसुनथली र दक्षिणमा शारदा खोला र कजेरी खोला) गाउँपालिकाको केन्द्र कायम गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने बहुमतले निर्णय गरियो।

२· प्रस्ताव नं २ मा छलफल गर्दा नेपाल राजपत्र खण्ड ६६ भाग ४ मिति २०७३/११/२७ मा सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प्रकाशित सूचना बमोजिम कायम भएको ढोरचैर गाउँपालिकाको वडाहरुको केन्द्र गाउँ कार्यपालिकाको मिति २०७४/०२/२६ गतेको बैठक बाट स्वीकृत भई यस गाउँ सभामा प्रस्ताव गरे बमोजिम देहायका वडा केन्द्र कायम गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने सर्वसम्मतीले निर्णय गरियो।

<u>देहाय</u>

१· वडा नं १ को केन्द्र साविकको बाझकाँडा गा·वि·स· भवन

२· वडा नं २ को केन्द्र फुलगाउँ भडारे

३· वडा नं ३ को केन्द्र तिनुखोला डाँडाकटेरी

४· वडा नं ४ को केन्द्र  खार्बन

५· वडा नं ५ को केन्द्र साविकको चाँदेकरेन्जी गा·वि·स· भवन

३· प्रस्ताव नं ३ मा छलफल गर्दा ढोरचौर गाउँपालिकाको केन्द्र ढोरचौर कायम गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने गाउँ सभाको निर्णय नं १ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कायम गरेको स्थानमा आफ्नो भवन नभएसम्मलाई ढोरचौर वजार आसपास क्षेत्रमा घर भाडामा लिएर यथासिघ्र कार्य संचालन गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने बहुमतले निर्णय गरियो।

**<u>फरक मत</u>**

निर्णय नं १ र निर्णय नं ३ मा गाउँ सभामा उपस्थित २८ जना सदस्य मध्ये हामी तपसिलका सदस्यहरुको फरक मत रहेको छ।

श्री राम बहादुर बस्नेत ‘ वडा अध्यक्ष १ नं वडा
श्री रुद्र बहादुर बुढाथोकी ‘ वडा अध्यक्ष २ नं वडा
श्री दिनेश कुमार वि·एम· ‘ वडा अध्यक्ष ४ नं वडा
श्री काली बहादुर बुढाथोकी ‘ सदस्य
श्री पूर्ण बहादुर थापा ‘ सदस्य
श्री कौशिला शाह (चन्द) ‘ सदस्य
श्री तुल्सा वि·क· ‘ सदस्य
श्री धनेश कुमार चलाउने ‘ सदस्य
श्री कल्पना बुढाथोकी ‘ सदस्य
श्री अमरती कामी ‘ सदस्य